# तानसेन नगरपालिकाको दशौं नगरसभामा
## सभाध्यक्षको मन्तव्य
(चालु आ.व.२०७८/०७९ को अर्द्धवार्षिक समीक्षा तथा यस कार्यकालको उपलब्धी)

तानसेन नगरपालिका
पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**गरिमामय दशौं नगरसभाका सदस्यज्यूहरू**
**अतिथि तथा सञ्चारकर्मी महानुभावहरू**

१. **"सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर"** को परिकल्पना सहित २०७४ सालको स्थानीय निर्वाचनबाट निर्वाचित तानसेन नगर सरकार सीमित स्रोत साधनका बावजुद नगरवासीको मागलाई अधिकतम् रुपमा सम्बोधन गर्दै अगाडि बढेको तथ्य गरिमामय यस सभामा स्मरण गराउन चाहन्छु ।

२. सर्वप्रथम यस गरिमामय सभामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ शहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै राष्ट्रियता, राष्ट्रिय हित एवम् जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु तथा नेपाली समाजको रुपान्तरणमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. चालु आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अर्धबार्षिक समीक्षात्मक अवस्था र हामी निर्वाचित भए पश्चातको कार्यकालका मुख्य उपलब्धीहरु यस सम्मानित नगरसभा समक्ष पेश गर्न पाउँदा हर्षानुभूति गरिरहेको छु ।

४. आज भन्दा ६ महिना अगाडि हामीले तय गरेका नीति तथा कार्यक्रमहरूबाट निर्देशित भै बजेट तथा कार्यक्रम तयार गरी त्यसै अनुरुप तीब्र कार्यान्वयनको चरणमा छौं । संघीय सरकार र प्रदेश सरकारबाट समय समयमा जारी भएका नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धता, दिगो

विकासको लक्ष्य, नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य र पन्ध्रौं राष्ट्रिय आवधिक योजना तथा हाम्रो आफ्नै दीर्घकालीन लक्ष हाम्रा मुख्य मार्गदर्शनका आधार रहेका छन् ।

५. नगरको विकास र नगरवासीको समृद्धिको लागि आर्थिक समृद्धि, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई प्राथमिकतामा राखी विकास आयोजनाहरु कार्यान्वयन गरिएका छन ।

**सभाका सदस्यज्यूहरू**

६. अब म आर्थिक वर्ष २०७८/०७९ को नगरपालिकाको नवौ नगरसभाबाट पारित नीति तथा कार्यक्रमको अर्द्धवार्षिक विषयगत उपलब्धिहरूलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु :

**पूर्वाधार विकास :**

७. आ.व.२०७८/०७९ को लागि विभिन्न स्रोतबाट प्राप्त कोष मार्फत् सञ्चालन हुने कुल ४७१ आयोजनाहरू मध्ये बहुबर्षीय आयोजनाहरु ४, एक वडा एक कि.मी पक्की सडक आयोजना ७, संघ विशेष आयोजनाहरु १, प्रदेश समपूरक ६, प्रदेश सशर्त १४, नगरस्तरीय पूर्वाधार आयोजनाहरु १९, वडास्तरीय योजना ३२२, विविध पूँजीगत ५२, मर्मत संभार कोष तर्फ ४३ र मागमा आधारित ३ वटा आयोजनाहरू कार्यान्वयनमा रहेका छन् । जस मध्ये ३२४ आयोजनाहरूको सम्झौता गरी ६४ आयोजना सम्पन्न गरिसकेका छौं ।

८. तानसेन नगरपालिकाको आगनको रुपमा अवस्थित टुँडिखेल मैदानको गुरुयोजना तयार गरी सौन्दर्यकरणका कार्यहरु तीब्र गतिमा अघि बढिरहेको छ । बहुबर्षीय आयोजनातर्फ पक्लुवा

देखि अम्लिहान सडक र टक्सार, बनदेवी, बतासे देखि ढुङ्गाखानी सडक स्तरोन्नति कार्य, दमकडा माध्यमिक विद्यालय शिक्षण परियोजना तर्फको विद्यालय भवन, गैरागाउँ-ध्रुबघाट सडक, ध्रुबघाट-चिलाङ्गदी सडक, दमकडा आरुखर्क-सडक, सेतीपोखरी-गणसाल-बृन्दावन सडक, पुराना पक्की तथा कच्ची सडक सुधार एवम् मर्मत कार्यहरु, तानसेन कालीगण्डकी लिंक रोड, १२ वटा वडाहरुमा एक वडा एक किलोमिटर कालोपत्रे कार्यक्रम, शीत्तलपाटी जनता मावि गेट, बसन्तपुर देउराली बतासेडाँडा सडक स्तरोन्नति, सेतीपोखरी गुफाचौर सडक स्तरोन्नति, बाँसटारी पक्लुवा सडक स्तरोन्नति, नारायणस्थान ठूलो पोखरी टुँडिखेल पछाडि ढल तथा सडक निर्माण, सारदा मावि देखि डिल बहादुर मार्ग स्तरोन्नति र चण्डीभञ्ज्याङ्ग राजुबास जोर्ते सडक सम्पन्नउन्मुख अवस्थामा रहेको छ ।

९. सार्वजनिक निजी साझेदारी (सानिसा) मार्फत् तानसेनको फोहरमैला व्यवस्थापन सम्झौता भइ कार्यान्वयन भईसकेको अवस्था छ भने हाइवे रिफ्रेस्मेण्ट सेन्टर, श्रीनगर सौन्दर्यीकरण र रानीघाट दरबार (रानीमहल) संरक्षण सञ्चालन तथा व्यवस्थापन समेतका ३ वटा आयोजनाहरू अगाडि बढाइएको छ ।

१०. रानीघाट दरबार (रानीमहल) लाई तानसेन नगरपालिकाको सामर्थ्य अनुसार व्यवस्थित गर्ने क्रममा खड्ग शमशेर दम्पतीको पूर्णकदको तस्विर तथा पुरातात्विक महत्वका सामग्री सहितको लघु संग्रहालय स्थापना गर्नुका साथै दरवार परिसर सरसफाइ र सौन्दर्यीकरण गरिएको छ ।

११. भवन निर्माणलाई व्यवस्थित बनाउन तानसेन नगरपालिकाको भवन निर्माण अनुमति तथा इजाजत सम्वन्धी कार्यविधि, २०७८ कार्यपालिकाबाट पारित गरी लागू गरिएको छ ।

## आर्थिक विकास

१२. हाम्रो सोचअनुसार तानसेन नगरपालिकाले आरम्भ गरेको र पछिल्लो समयमा तानसेन मोडेलको रुपमा परिचित युवा स्वरोजगार कार्यक्रम तर्फ यस नगरका ६७२ युवा उद्यमीले सेवा प्राप्त गरेका छन । साथै यो कार्यक्रम (तानसेन मोडेल) विभिन्न पालिकामा अनुकरण गरिएको व्यहोरा गर्वका साथ स्मरण गराउन चाहन्छु ।

१३. सहकारी संस्था मार्फत् सुपथ मूल्य पसल सञ्चालन र सहकारी गरिवी सूचना व्यवस्थापन कार्य अगाडि बढेको छ । यसै गरी सहकारी सवलीकरण कार्यक्रम अन्तर्गत विभिन्न गतिविधिहरु सम्पादन भएका छन् ।

१४. पाल्पाली ढाकाको प्रवर्द्धनको लागि ढाकाको ब्राण्डिङ्ग, तानसेनलाई पाल्पाली ढाकाको राजधानी घोषणाको काम तीब्र गतिमा अगाडि बढेको जानकारी गराउछु । तानसेन नगरपालिकाको सोंच र समन्वयमा पाल्पाली ढाका संघ मार्फत् प्रशिक्षण, उत्पादन, अन्तर्राष्ट्रिय बजारीकरणका लागि फेयर ट्रेडमा आवद्ध भईसकेको छ भने रोजगार कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिकाको सहयोगमा पाल्पाली ढाकाको विक्रीकक्ष (कोशेलीघर) स्थापना गरी सञ्चालनमा आएको छ ।

१५. पाल्पाको शान पाल्पाली करुवा लोप हुन लागेको अवस्थामा यसको संरक्षण तथा सम्वर्द्धनको लागि हाम्रो लगानीमा सीप विकास गरिएका १४ जना कालीगढद्वारा उत्पादन आरम्भ गरिएको छ ।

१६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) वडा नं. ६ र १० बाट शुरु गरिएकोमा यस बर्ष

वडा नं.२, ३ र ४ मा विस्तार गरिएको छ । यस कार्यक्रम अन्तर्गत ३ स्थानमा उद्यमशिलता तालिम, सहभागितामुलक स्थानीय लेखाजोखा तालिम गरी २६० जना लाभान्वित भएका छन् भने १२ वटा नयाँ उद्यम समुह गठन भएका छन् ।

## कृषि विकास तथा पशु सेवा

१७. किसानहरुको आय आर्जन बृद्धि र पोषणयुक्त खानालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ तानसेन नगरपालिकाले शुरुका बर्ष देखिनै तरकारी, धान, मकै, गहुँ, फापरको बीउ उपलब्ध गराउदै आएको तथ्य स्मरण गराउन चाहान्छु । चालु आ.व. मा १२०० प्याकेट च्याउ, निःशुल्क विषादी वितरण गरी १५० घरधुरी लाभान्वित भएका छन् । नियमित रुपमा सहकारी संस्थाहरु मार्फत् सहुलियत दरमा मलखाद, जै घाँस र वर्षिम घाँसको बीउ उपलब्ध गराईएको छ ।

१८. महामारीजन्य खोरेत रोग देखा परेकोमा तत्काले २५० गाई भैसीलाई खोरेत विरुद्धको भ्याक्सीन लगाउने र पशुहरुको आन्तरिक परजीवी नियन्त्रणमा १६० पशुका लागि औषधि उपचारको व्यवस्था गरिएको छ ।

## सामाजिक विकास

१९. छोरीहरुलाई सक्षम र सवल बनाउने नविनतम् सोंचसहित विपन्न, असहाय र जेहेन्दार छात्रालाई प्राथकितामा राखी छोरी शिक्षा कार्यक्रम लागू गरिएको छ ।

२०. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका विविध विषयवस्तुसँग साक्षात्कार हुदै व्यक्ति समाज र राष्ट्रलाई आवश्यक पर्ने ज्ञान, सीप र व्यवहारयुक्त जनशक्ति तयार गर्ने उद्देश्यले तानसेन नगरपालिकाको स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-८) **"पूर्खाको नासो हाम्रो तानसेन"** विद्यालयहरुमा उपलव्ध गराइएको छ । सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलानको कार्य सम्पन्न गरिएको छ ।

२१. नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालय भवनलाई समान प्रकृतिको रङ्गरोगन गर्ने, सहजकर्ता विद्यालय कर्मचारी र परिचालकको व्यवस्थापन, शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक र शैक्षिक सुधार कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइएको छ ।

२२. विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना, बालकक्षा व्यवस्थापन, सूचना प्रविधिका कार्यक्रमहरु, शैक्षिक सामग्री व्यवस्थापन, क्रियाकलापमा आधारित सामग्री अनुदान, खेलकुद प्रतियोगिता तथा खेल सामग्री सहयोग गरिएको छ ।

२३. नगरवासीको स्वास्थ्यलाई ख्याल राख्दै तानसेन नगरपालिकाले शुरु गरेको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमबाट दलित, विपन्न, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, जुनसुकै क्षेत्रका भए पनि यस तानसेन नगरपालिकामा बसोबास गर्ने रातो र निलो परिचय पत्र प्राप्त अपाङ्गता भएका व्यक्ति, महिला स्वास्थ्य स्वयमसेविका लगायतका नगरवासी लाभान्वित भएका छन् । चालु आ.व.को ६ महिनाको अवधिमा मात्र ३५० जनाको स्वास्थ्य विमा गरिसकिएको छ । नगर क्षेत्रका ३१ जना विपन्न नागरिकलाई सहुलियतपूर्ण उपचारका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ ।

२४. यसै गरी नियमित कार्यक्रम तर्फ समुदायमा आधारित नवजात शिशु तथा वालरोगको एकिकृत कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा अनसाईट कोचिङ, मातृ तथा नवशिशु कार्यक्रम, सूचना संकलन एवम् गुणस्तर सुधार, महिला स्वास्थ्य

स्वयमसेविका कार्यक्रम, उपचार केन्द्रहरुमा औषधि एवम् सामग्री ढुवानी, क्षयरोग निदानका कार्यक्रम, स्वास्थ्यकर्मीहरुलाई बृहत पोषण विशेष तालिम निरन्तर अगाडि बढाइएको छ। अर्गली र मदनपोखरा स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन गर्ने तयारीमा रहेको छ।

२५. न्यायीक समिति मार्फत् सर्वसुलभ ढङ्गले न्याय सम्पादनको कामलाई निरन्तरता दिईएको छ। यस ६ महिनाको अवधिमा दर्ता भएका १२ वटा उजुरी फछ्र्यौट भएको छ।

२६. तानसेन नगरपालिकाले सम्पूर्ण वडाहरुमा लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न गरेको छ। घुम्ति सेवा मार्फत् २८ जनालाई अपाङ्गता परिचय पत्र र उपकरण तथा ३० जना जेष्ठ नागरिकलाई परिचय पत्र प्रदान गरिएको छ। नागरिक सुविधालाई मध्येनजर गर्दै व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली मार्फत् र सामाजिक सुरक्षा कार्यक्रममा अनलाइन र पूर्णरुपमा बैंकिङ्ग प्रणाली अवलम्वन गरिएको छ।

२७. तानसेन नगरपालिकाको वडा नं. ५ बतासेडाँडा क्षेत्रमा प्रदेशस्तरीय छायांकन स्थल निर्माण गर्न डिपिआर तयारी कार्य प्रक्रिया अगाडि बढेको छ।

२८. आयआर्जन तथा क्षमता विकासका लागि टोल विकास संस्थाको संस्थागत क्षमता बिकास, आलु चिप्स भुजिया बनाउने, मोती सेट, माला चुरा टप बनाउने, महिला लक्षित नेतृत्व विकास तालिम, स्वास्थ्य सरसफाइ र फोहरमैला व्यवस्थापन तालिम सञ्चालन भएका छन।

## वन, वातावरण तथा विपद व्यवस्थापन

२९. नगर क्षेत्रको फोहर व्यवस्थापन गर्न ऊर्जा परियोजनाको लागि डेभ्लपर छनौट कार्य सम्पन्न भएकोमा थप कार्य अगाडि बढाइएको छ ।

३०. तानसेनलाई पूर्ण सरसफाईयुक्त क्षेत्र बनाउनका लागि नगरको वास प्लान अनुसार शौचालय नभएका परिवारलाई वस्तुगत सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइएको छ ।

३१. दैवीप्रकोप तथा विपदमा परेका नागरिकबाट ९८ वटा निवेदन प्राप्त भएकोमा ४६ जनालाई राहत सामग्री (त्रिपाल, प्लाष्टिक, दाल, चामल) र नगद रकम रु. ४ लाख प्रदान गरिएको छ ।

## सुशासन तथा संस्थागत विकास

३२. तानसेन नगरपालिका सुशासन तथा पारदर्शिताको मर्मलाई आत्मसात गर्दै संस्थागत विकास तर्फ अग्रसर भएको कुरा गरिमामय सभामा अवगत गराउन चाहान्छु । यस अन्तर्गत कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाको सेवा प्रवाह सूचनामैत्री बनाइएको छ भने सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीको शुरुवात गरिएको छ । नगर सूचना व्यवस्थापन प्रणाली अन्तर्गत १४ जना गणक नियुक्त गरी सूचना अद्यावधिक गरिएकोमा क्युआर कोड सहितको फेमिली कार्ड वितरण गरिदैं छ ।

३३. साना लगानीका स्थानीय सञ्चारगृह सवलीकरण कार्यक्रमलाई निरन्तरता दिईएको छ । सञ्चार क्षेत्र साझेदारी तथा पत्रकार साक्षात्कार कार्यक्रम सञ्चालन गरिएको छ । नेपाल पत्रकार महासंघको संस्थागत विकासमा सहयोग पुऱ्याइएको छ ।

३३. नगरका गतिविधि, इतिहास, कला, संस्कृति, पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटिने हाम्रो तानसेन त्रैमासिक बुलेटिनको प्रकाशनलाई निरन्तरता दिइएको छ । जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

३४. कोभिड नियन्त्रण, रोकथाम, उपचार र राहत बितरणको कार्यक्रमलाई आवश्यकता अनुसार निरन्तरता दिदै कोभिड विरुद्धको खोप सम्पूर्ण नगरवासीलाई प्रदान गर्ने लक्ष सहित खोप अभियान अगाडि बढाएका छौं । विपद व्यवस्थापन, कार्यालय सुरक्षा, सडक तथा पार्किङ्ग सुधार, बजार अनुगमन तथा अखाद्य वस्तुहरू नष्ट गर्ने कार्य, मापदण्ड विपरीत बनेका घरको घर निर्माण सामग्री जफत, दमकल परिचालन, राजश्व असुली तथा अनियमितता नियन्त्रण जस्ता महत्वपूर्ण कार्यमा नगर प्रहरी परिचालन गरिएको छ । उपभोग्य सामानको गुणस्तरियता सुनिश्चित गर्न नगरपालिकाबाट बजार नियमित अनुगमन गरिएको छ ।

## आन्तरिक स्रोत तर्फ :

३५. यस आर्थिक वर्षमा कुल ६ करोड आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य रहेकोमा यस अवधिसम्म २ करोड १६ लाख २५ हजार ८२३ आन्तरिक स्रोत संकलन भैसकेको छ । संशोधित आय ५ करोड अनुमान गरिएको छ ।

## पेश्की तथा बेरुजूको अवस्था

३६. आ.व.२०७७/०७८ सम्म कुल बेरुजु रकम रु. ३४ करोड १५ लाख ५१ हजार रहेकोमा पेश्की बेरुजु रु. ३ करोड ३४ लाख ७४ हजार २२९ रुपैयाँ, नियमित गर्नुपर्ने रु. ३० करोड ८० लाख ७६ हजार ७७१ रहेको, रु. ३ लाख ९३ हजार २४३

असुल भएको । सम्परीक्षणको लागि रकम रु. ८ लाख ९८ हजार १२० बराबरको कागजात एवम् विवरणहरु प्राप्त भएका छन ।

**चालु आ.व.२०७८/०७९ को अर्द्धवार्षिक बजेट समीक्षा तथा संसोधन :**

३७. चालु आ.व. २०७८/०७९ को लागि नवौं नगरसभाबाट पारित कुल बजेट रकम रु. १ अरव ४० करोड ३० लाख ४३ हजार ९७४ रहेकोमा पूँजीगत तर्फ रु. ४६ करोड १४ लाख ३५ हजार ७४७ (४०.८७ प्रतिशत) र चालु तर्फ रु. ६६ करोड ७५ लाख २५ हजार (५९.१३ प्रतिशत) विनियोजन गरिएकोमा उक्त बजेटलाई संसोधन गरी यसै आर्थिक वर्षको लागि कूल बजेट रु.१ अरव ४१ करोड १० लाख ८४ हजार ०४५ र मध्ये चालू तर्फ रु. ७७ करोड ४७ लाख २९ हजार ०४९ (५४.९० प्रतिशत) र पूँजीगत तर्फ रु. ६३ करोड १३ लाख ५४ हजार ९९६ (४५.१० प्रतिशत) हुन गएको छ ।

३८. वित्तीय व्यवस्थापनलाई चुस्त बनाउनको लागि पेश्की प्रदान गर्ने परिपाटीलाई निरुत्साहित गर्दा वित्तीय प्रगतिमा केही कमी देखिको भएता पनि भौतिक प्रगति भने सन्तोषजनक रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । ठूला आयोजनाहरूको निर्माण कार्यका लागि खरिद प्रक्रिया अगाडि बढेको, नगरस्तरीय तथा वडास्तरीय अधिकांश योजनाहरू कार्य सम्पन्नको चरणमा रहेकोले अपेक्षित लक्ष हासिल हुनसक्ने ब्यहोरा जानकारी गराउन चाहन्छु ।

## नगरसभाका सदस्य ज्यूहरु

३९. हामी निर्वाचित भएको दिनदेखि कुनै विचार, सिद्धान्त र भूगोलका आधारमा होइन नागरिकको हितका खातिर एकतावद्ध ढङ्गले खटेका छौ, हामीलाई लाग्छ यो आत्मियता सबैकालगि अनुकरणीय र प्रेरणादायी हुनेछ । यस गरिमामय सभामा अब म हाम्रो साढे चार बर्षको कार्यकालमा हामीले नगरबासीको चाहना र आवश्यकता अनुरुप गरेका समग्र विकासमा महत्व राख्ने गतिविधि तथा प्रमुख कार्यक्रमहरुको समीक्षात्मक दस्ताबेज समेत नगरबासीसामु छाडेर जानुपर्ने कुरालाई महत्व दिई उपलब्धिहरुको विवरण प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास एवम् युवा रोजगार

४०. विकास एक्लै गरेर मात्र हुँदैन । एकपक्षीय, द्वीपक्षीय र बहुपक्षीय रुपमा अगाडि बढ्न तानसेन नगरपालिकाको परिकल्पनामा अगाडि बढाइएको सिद्धार्थ इकोनोमिक कोरिडोरको **तानसेन घोषणा-पत्र**का आधारमा हालसम्म यस कोरिडोर क्षेत्रमा आर्थिक तथा सामाजिक समृद्धिका कार्यहरुको अनुसन्धान, रणनीतिक योजना तर्जुमाको लागि अन्तरपालिका स्तरीय कार्यशाला विभिन समयमा सम्पन्न भए । यसै गरी कोभिड प्रतिकार्य योजना निर्माणको लागि संघ, प्रदेश, स्थानीय सरकार र सरोकारवालासँग प्रत्यक्ष तथा भर्चुअल बैठक मार्फत समन्वय, परामर्श, बहस र पैरवीलाई निरन्तरता दिइएको छ । यस नगरपालिकाबाट छिमेकी पालिकाहरुसँग सहकार्य गर्ने सिलसिलामा सडक निर्माण र एकिकृत हाट बजार पूर्वाधारका कार्यहरु सञ्चालन भएका छन ।

४१. तानसेन नगरपालिकाको परिकल्पनामा आरम्भ गरिएको युवा स्वरोजगार कार्यक्रमलाई दिगो र प्रमावकारी रुपमा सञ्चालन

गर्नको लागि तानसेन नगरपालिकाको जमानीमा नेपाल बैंक लि., ग्लोवल आइएमइ बैंक र मुक्तिनाथ विकास बैंकमार्फत् ज्ञान सीप र अनुभवमा आधारित उद्यमशीलता विकास कार्यक्रमका आधारमा युवाहरुलाई बिना धितो रु. ६ करोड ३५ लाख सुलभ कर्जा प्रदान गरी १३२ परिवारका करिव ७९२ युवा उद्यमीहरुलाई रोजगारी प्रदान गरिएको छ । यसबाट नगर क्षेत्रमा रहेका युवाहरु र कोभिड महामारीका कारण रोजगार गुमाई स्वदेश फर्किएका युवाहरु उद्यमशील र स्वरोजगार बनेका छन । यो कार्यक्रमलाई तानसेन मोडेलका रुपमा विभिन्न पालिकाले अनुकरण गरेको अवस्था छ ।

४२. नगरपालिकाको समृद्धि अभियान मार्फत नगरभित्रका ७६७८ घर परिवारका ४७६८० नागरिकहरुलाई विभिन्न कृषि तथा पशुपालनका कार्यक्रम मार्फत लाभ पुऱ्याइएको छ ।

विषयगतरुपमा "कोभिड-१९ प्रतिकार्य र सामाजिक आर्थिक पुनःप्राप्तिका लागि अग्रसरता परियोजना" मार्फत् कृषि र पशु विकासमा आधारित रही युवा र महिलाको सामाजिक तथा आर्थिक विकासको लागि सञ्चालन भईरहेको कार्यक्रम ३७६४ परिवारमा पुगेको छ । ७३ वटा समूहका १३४१ जनजाति ५०४ दलित गरी १३८४ पुरुष, २३८० महिला लाभान्वित भएका छन ।

४३. तानसेन नगरपालिकालाई तरकारी, दुध, मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले बाख्राको स्रोत केन्द्र स्थापना तथा किसानहरुलाई कृषि व्यवसाय मार्फत् आर्थिक रुपमा सक्षम बनाउनका लागि ७३ समिति तथा युवा उद्यमी मार्फत् ७१२ परिवारलाई १८९० माउ बाख्रा तथा ९२ परिवारलाई ९२ उन्नत नश्लका वीउ बोका, ९५ परिवारलाई १०० भैसी, १०७ परिवारलाई ४०९ माउ बंगुर, ६२० परिवारलाई बाख्रा

बंगुर खोर तथा गाईभैसी गोठ निर्माणमा सहयोग, २८३८ घरधुरीलाई तरकारीको वीउ तथा प्रविधि सहयोग गरिएको छ । २७५ परिवारलाई स्थानीय जातका १३५९५ कुखुराका चल्ला प्रदान गरिएको छ । २३१० घरधुरीलाई घाँसको वीउ तथा विरुवा वितरण गरिएकोमा २५०० रोपनीमा घाँस खेती विस्तार भैरहेको छ ।

४४. तानसेन नगरपालिकाको सहयोगमा बजार क्षेत्रभित्र दूग्ध संकलन, प्रशोधन तथा विक्री केन्द्र स्थापना गर्ने कार्यको थालनी भएको हुँदा यसबाट उपभोक्ताले सहुलियत दरमा गुणस्तरीय र स्वस्थकर दूग्धजन्य वस्तुहरु उपभोग गर्ने र कृषकले उत्पादन गरेको दूधको उचित मूल्य प्राप्त गर्ने वातावरण बनेको छ ।

४५. ३४१४ घरधुरी किसानलाई आँप, लिची, कागती, सुन्तला, ओखर, अलैंची, मरीच, एभोकाडो, ड्रागन फ्रुट र केरा जातका ३४ हजार फलफुलको विरुवा वितरण गरिएको छ । वडा नं. १, ५, ६, ७, ९ र १२ मा ८ वटा सुन्तलाजातको फलफुल तथा घाँसको नर्सरी स्थापना गरी विरुवा उत्पादन शुरु गरिएको छ । साथै ६१७५ घरपरिवारलाई धान, गहुँ, मकै र फापरको उन्नत वीउ वितरण गरिएको छ ।

४६. कृषिलाई यान्त्रिकीकरण गरी उत्पादन बृद्धि गर्न र कृषकलाई व्यवसायिक बनाउन मिनिटिलर, च्यापकटर, कम्वाइनमिल, चिलिङभ्याट, थ्रेसर, मिल्कएनालाइजर, पनिरडाइ, डिपफ्रिज, हजारी, स्प्रेयर, पम्प, तौलकाँटा, अमिलो पेल्ने मेशिन तथा अन्य मौरी धार जस्ता साना कृषि यन्त्र ६०४ थान वितरण गरिएको छ यसवाट १०३०६ परिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।

४७. सिचाई सुविधा प्रदान गर्न १७५ किसान परिवारलाई ८९ थान प्लाष्टिक पोखरी र ८६ थान पोलीटंकी उपलब्ध गराईएको छ ।

४८. कोभिड महामारीको पहिलो लहरमा किसानको उत्पादन सुपथ मुल्यमा उपभोक्ताका घरदैलोमा पुऱ्याउन नेपालमै पहिलो पटक तानसेन नगरपालिकाबाट थालनी भएको कृषि एम्बुलेन्स सेवा दोस्रो लहरका समयमा पनि सञ्चालन गरिएकोमा उपभोक्ता तथा उत्पादकको मागलाई ध्यानमा राख्दै सहकारी संस्थाहरुको समेत सहलगानीमा २ वटा कृषि एम्बुलेन्स सञ्चालनलाई कायम गरिएको र यसलाई संस्थागत गरिएको छ ।

कृषिको बजारीकरणमा सहयोग पुऱ्याउन तानसेन नगरपालिका वडा नं. ३ को होलाङ्गदीमा कृषि उपज थोक बजार निमार्ण कार्य भएको र तानसेन १० तेल्घाको सपाङ्गदीमा १ वटा कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न भएको छ भने वडा नं. ७ मा हाटबजार स्थापना गरी सञ्चालनको प्रक्रियामा रहेको छ । नगरस्तरमा थप १२ वटा कृषि उपज संकलन केन्द्र सञ्चालनमा रहेका छन । यसबाट बजारको भ्यालुचेन कटौती गरी सम्बन्धितलाई लाभ पुऱ्याइएको छ ।

जीवित तौलको आधारमा खसीवोका विक्री कार्य थालनी गरिएको छ । यस कार्यबाट उत्पादक र उपभोक्ता वीचको अन्तरसम्बधलाई टेवा पुगेको छ भने बजारमा विचौलियाको एकाधिकार तोडिएको छ ।

४९. भूमिहिन नगरवासीको आय बृद्धिकालागि १० रोपनी जग्गा भाडामा लिई आवश्यक बीउबिजनसहित व्यवसायिक तरकारी खेतीमा लगाइएको छ । सहरी क्षेत्रका नगरवासीलाई ताजा र

अर्गानिक तरकारी उत्पादनमा उत्प्रेरणा दिन २२२१ घरधुरीलाई कौंसीखेती तथा करेसाबारी तालिम, वीउ विजन तथा सामग्री उपलव्ध गराइएको छ । कृषि तथा पशुस्वास्थ्य कार्यक्रम मार्फत् नियमित रुपमा पशुस्वास्थ्य शिविर, घरदैलो कार्यक्रम, नियमित तथा आकस्मिक पशु तथा वाली उपचार सेवा उपलब्ध गराइएको छ ।

५०. लघु उद्यम विकास कार्यक्रम मार्फत् रोजगार प्रवर्द्धन र गरिवी न्यूनीकरणको लागि २२ वटा लघु उद्यमी समूह गठन गरी उद्यमशीलता विकास तालिम ५ वटा, सीप विकास तालिम १२ वटा, प्रविधि हस्तान्तरण सामान खरिद र ३ वटा पुराना लघु उद्यमी स्तरोन्नति तालिम मार्फत् ८८८ जनालाई लाभ पुऱ्याइएको छ ।

५१. तानसेन नगरपालिकाबाट वडा नं. १३ मा रहेका सीमान्तकृत बोटे/माझी बस्ती तथा आर्थिक रुपले विपन्न घरपरिवारलाई उनीहरुको जीवनस्तर अभिवृद्धि गर्न कुखुरापालन, बाखापालन, सामूहिक माछापालन, तरकारी खेती, लगायत विभिन्न एकिकृत कार्यक्रम सघन रुपमा कार्यान्वयन गरिएको छ ।

५२. नगर सरकारबाट पहिलो पटक आफ्नै सहकारी ऐन जारी गरी सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन सहित सहकारी सवलीकरण कार्य थालनी गरिएको छ । यस अवधिमा नगर क्षेत्र भित्र ५१ वटा सहकारी मार्फत् करिव १ अरव पचास करोड वित्तीय परिचालन भएको छ । सहकारी संस्थाहरु मार्फत् सुपथ मूल्य पसल सञ्चालन प्रक्रिया प्राथमिकताका साथ अगाडि बढाइएको छ ।

५३. स्थानीय उत्पादनको प्रवर्द्धनको लागि कलेक्सन सेन्टर, होलसेल लेन्डिङ्ग सेन्टर निर्माण गरिएको र छिमेकी पालिकाहरुसँग समन्वय गरी हाटबजार सञ्चालनको कार्यहरु

अगाडि बढाइएको छ । तानसेन नगरपालिका वडा नं. ७ को वेनीडाँडा तल्लो पक्लुवामा उद्योग ग्राम निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DRP) का आधारमा बाउण्डरी वाल निर्माण कार्य अगाडि बढाइएको छ ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ वडास्तरबाट सिफारिस भएका सूचीकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिएको र उनिहरुलाई परिचालन गरी विभिन्न पूर्वाधारका आयोजनाहरु सञ्चालन गरिएको छ ।

## सामाजिक विकास

५५. छोरीहरुलाई शिक्षामा पहुँच बढाउन तथा थप उत्प्रेरित गर्न छोरी शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । यस अन्तर्गत प्रत्येक वडाबाट विपन्न असहाय, अल्पसंख्यक, फरक क्षमता भएका र जेहन्दार छात्राहरुलाई वार्षिक १० हजारका दरले प्रोत्साहन रकम प्रदान गर्ने गरी दीर्घकालीन कार्यक्रम कार्यान्वयन गरिएको छ ।

५६. तानसेन नगरपालिका अपाङ्गता भएका व्यक्तिको सवालहरु प्रति अत्यन्त गम्भीर छ । कोरोना संकटका बेला राहत तथा उपकरण वितरण गरिएको छ । दृष्टिबिहीनहरुको लागि आ.व. २०७८/२०७९ देखि नगर विकास योजना पुस्तकको मुख्य अनुसूचीहरुलाई नेपालमै पहिलो पटक ब्रेल लिपीमा प्रकाशनको थालनी गरी निरन्तरता दिईएको छ ।

५७. अपाङ्गतामैत्री तथा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने हरेक बर्ष लैङ्गिक हिंसा न्यूनीकरण विरुद्धका अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिरहेका छौं । सहाराविहीन महिला, बृद्ध, बालबालिकाको सुरक्षाको लागि सेफहाउसको प्रभावकारी

सञ्चालनको लागि सम्बन्धीत सरोकारवालाहरुसँग समन्वय र सहकार्यलाई तीब्रता दिईएको छ ।

## स्वास्थ्य

५८. कोभिड-१९ को विश्वव्यापी महामारीको विकराल अवस्थामा यसको नियन्त्रण, रोकथाम र उपचारमा अहोरात्र खट्ने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, साझेदार संघ संस्थाहरु, सञ्चारकर्मी, सी.सी.एम.सी. पाल्पा, नेपाल सरकार तथा प्रदेश सरकार, अन्य पालिकाहरु, सरसफाइकर्मी, कर्मचारी एवम् आम नगरवासी र सरोकारवालाहरुबाट निर्बाह गरेको महत्वपूर्ण सहयोग सहकार्य प्रति हार्दिक आभार व्यक्त गर्दछु । कोरोनाका कारण उपचारको क्रममा ज्यान गुमाउनु भएका नगरवासी र आम नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दछु । संक्रमित विरामीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

५९. कोभिड विरुद्धको अभियानमा हामीले कोभिड महामारीको नियन्त्रण, रोकथाम र उपचार तथा राहतको क्षेत्रमा नगरपालिकाबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भएको गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

६०. कोभिड नियन्त्रण रोकथाम र उपचारको लागि हालसम्म १२ बर्ष माथिका ४३३५७ जना (शत प्रतिशत) लाई कोभिसिल्ड, एस्ट्राजेनेका, भेरोसिल, मोडेर्ना, जान्सन लगायत कोभिड विरुद्ध विभिन्न प्रकारका भ्याक्सिन लगाइएको छ । कोरोनाको पहिलो लहरमा नगर क्षेत्र भित्र ३५ वटा क्वारेन्टाइन ( सामुदायिक समेत), अन्य पालिकासँग साझेदारीमा २ वटा आइसोलेशन सेन्टर सञ्चालन गरी सेवा दिइएकोमा दोस्रो

भेरिएन्टमा नगरपालिकाको आफ्नै स्रोत साधनबाट त्रि.व.क्याम्पस लहरेपीपलमा १ वटा आइसोलेशसन सेन्टर निर्माण गरी विरामीहरुलाई उपचार गरियो । सेवाग्राहीहरुले तानसेन नगरपालिकाद्वारा प्रदान गरिएको सेवाको प्रशंसा गरेको कुरा सम्झन चाहन्छु ।

६१. यस अवधिमा १२८६५ जनाको पीसिआर टेस्ट गरिएकोमा २६६२ पोजिटीभ आएको साथै ४८२९ जनाको एन्टिजिन टेस्ट गरिएकोमा ११७३ पोजिटिभ भेटिएको अवस्था छ ।

पाल्पामा कोरोना ल्याब र पाल्पा अस्पतालमा अक्सीजन प्लान्ट स्थापना तथा खोप र स्वाब टेस्टका सामग्री व्यवस्थापनमा लगानी साझेदारी र सम्वन्धित निकायहरुसँग समन्वय गरिएको छ । यसका अलावा स्वास्थ्यकर्मी, सरसफाइकर्मी र अग्रपंक्तीमा रहेर काम गर्ने जनशक्तिहरुलाई आवश्यक साधन, श्रोत र हाम्रो स्रोत अनुसार हौसला प्रदान गरिएको छ ।

संक्रमण जोखिमको अवस्थामा श्रमिक, अशक्त, असहाय र आर्थिक रुपले विपन्न, गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसार राहत प्रदान गरिएको छ ।

६२. नागरिकहरुको स्वास्थ्य प्रति जिम्मेवारीवोध गर्दै देशमै पहिलो पटक तानसेन नगरपालिकाको निःशुल्क स्वास्थ्य विमा कार्यक्रम मार्फत् प्रतिबर्ष २२०० घरपरिवारमा प्रत्येक्षरुपमा स्वास्थ्य विमाको सेवा पुऱ्याइएको छ (**यसमा रु. करिव २ करोड ५० लाख खर्च गरिएको छ** ) । यसमा कार्यक्र मार्फत विपन्न परिवार, दलित, महिला स्वास्थ्य स्वयंसेवीका, सरसफाइकर्मी, वाह्य क्षेत्रका तानसेनमा बसोबास गर्ने अपाङ्गता भएका रातो र निलो कार्ड प्राप्त विद्यार्थीहरु र

नेपाल सरकारबाट अति गरिव परिचय-पत्र प्राप्त गर्ने परिवारलाईसेवा पुऱ्याउने गरी तानसेन नगरपालिकाको स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइएको छ। नगरपालिकाको घर घरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत सुरुको बर्षमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति समेत ४३६७ जनालाई डक्टर समेतको स्वाथ्यकर्मीहरुको टोलीले सेवा पुऱ्याइएको छ । उल्लिखित अभियान अन्तर्गत सुगर, विपी, ग्यासटाइटीस, बाथको समस्या रहेका जेष्ठ नागरिकलाई कोभिड महामारीकै समयमा पनि स्वास्थ्य चौकी मार्फत् सेवा पुऱ्याइएको छ।

६३. नगरपालिकाबाट तयार गरिएको वास प्लानको आधारमा खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयन गरिएको छ। तानसेनलाई पूर्ण सरसफाईयुक्त क्षेत्र बनाउनका लागि नगरको वास प्लान अनुसार शौचालय नभएका परिवारलाई वस्तुगत सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइएको छ।

६४. यसै गरी नियमित कार्यक्रम तर्फ समुदायमा आधारित नवजात शिशु तथा वालरोगको एकिकृत कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा अनसाईट कोचिङ, मातृ तथा नवशिशु कार्यक्रम, सुचना संकलन एवम् गुणस्तर सुधार, महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम, उपचार केन्द्रहरुमा औषधि एवम् सामग्री ढुवानी, क्षयरोग निदानका कार्यक्रम, स्वास्थ्यकर्मीहरुलाई बृहत पोषण विशेष तालिम निरन्तर अगाडि बढाइएको छ । अर्गली र मदनपोखरा स्वास्थ्य चौकीमा शिघ्र ल्याव सेवा सञ्चालन हुदैछ।

६५. नगर क्षेत्रका २००० महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षण गरी आवश्यक परामर्श प्रदान गरिएको छ।

महिला सुत्केरी पोषण कार्यक्रम तर्फ प्रति महिला रु. ३००० का दरले हालसम्म ३२० जना सुत्केरीहरुलाई प्रभाकारी रुपमा नगदै प्रदान गरिएको छ । पाल्पा अस्पतालको पूर्वाधार विकासको लागि जग्गा व्यवस्थापन प्रक्रियामा सहजीकरण गरिएको छ ।

६६. नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालय भवनलाई समान प्रकृतिको रङ्गरोगन गर्ने, सहजकर्ता, विद्यालय कर्मचारी र परिचालकको व्यवस्थापन, शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक र शैक्षिक सुधार कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइएको छ ।

६७. विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना, बालकक्षा व्यवस्थापन, सूचना प्रविधिका कार्यक्रमहरु, शैक्षिक सामग्री व्यवस्थापन, क्रियाकलापमा आधारित सामग्री अनुदान, अष्टभुजा सामग्री खरिद, खेलकुद प्रतियोगिता तथा खेल सामग्री सहयोग गरिएको छ ।

६८. नागरिक सुविधालाई मध्येनजर गर्दै व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली मार्फत् र सामाजिक सुरक्षा कार्यक्रममा अनलाइन र पूर्णरुपमा बैंकिङ्ग प्रणाली अवलम्वन गरिएको छ ।

६९. तानसेन नगरपालिकाको वडा नं. ५ बतासेडाँडा क्षेत्रमा प्रदेशस्तरीय छायांकन स्थल निर्माण गर्न डिपिआर तयारी कार्य प्रक्रिया अगाडि बढेको छ ।

७०. आयआर्जन तथा क्षमता विकासका लागि टोल विकास संस्थाको संस्थागत क्षमता बिकास, आलु चिप्स भुजिया बनाउने, मोती सेट, माला चुरा टप बनाउने, महिला लक्षित नेतृत्व विकास तालिम, स्वास्थ्य सरसफाइ र फोहरमैला व्यवस्थापन तालिम सञ्चालन भएका छन् ।

७१. न्यायिक समिति एवम् सामुदायिक मेलमिलाप केन्द्रहरुको क्षमता अभिबृद्धि गर्न विभिन्न समयमा तालिमको व्यवस्था मिलाइ मेलमिलापको माध्यमबाट १५७ वटा विवाद/मुद्दाहरु समाधान गरी न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ ।

७२. तानसेनको गहनाको रुपमा रहेको पाल्पा दरबार संग्राहलयको सौन्दर्यकरण सहित विकासको लागि आवश्यक समन्वय र सहकार्य गरिएको छ ।

**शिक्षा :**

७३. स्थानीय स्तरमा विद्यमान परम्परागत ज्ञान, सीप, प्रविधि तथा आर्थिक, सामाजिक सांस्कृतिक पक्षहरुको बारेमा समेत वालवालिकाहरुको ज्ञान र सीप अभिवृद्धि गर्न सरोकारवालाहरुको व्यापक सहभागितामा आधारभूत तहको स्थानीय पाठयक्रम **पूर्खाको नासो हाम्रो तानसेन** प्रकाशन गरी विद्यालय तथा सरोकारवालाई उपलव्ध गराइ कार्यान्वयनको थालनी गरिएको छ । साथै तानसेन नगरपालिकाको शिक्षा ऐन समेत निर्माण गरिएको छ ।

७४. सामुदायिक विद्यालयका सबै विद्यार्थीहरुलाई शुद्ध खानेपानी उपलव्ध गराउन ५२ वटा विद्यालयमा युरोगार्ड जडानकार्य गरिएको छ । आवाशीय रुपमा अध्ययनरत दृष्टिविहिन विद्यार्थिहरुको समस्यालाई सम्बोधन गर्नका लागि दमकडा माध्यमिक विद्यालयमा दृष्टीविहीन छात्राबास निर्माण भएको छ ।

७५. शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यवसायिक र प्रविधिमैत्री बनाउन सबै विद्यालयका शिक्षकहरुलाई विषयगत तथा आइसीटी तालिम, विद्यालय व्यवस्थापन समितिका

अध्यक्ष तथा प्रधानाध्यापकका लागि व्यवस्थापकीय क्षमता विकास तालिम, ४६ वटा वालविकास केन्द्रका सहजकर्ता तथा शिक्षकहरुलाई शिक्षण सिकाइ सम्बन्धी तालिम र शैक्षिक सूचना व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

७६. आधारभूत तथा माध्यमिक विद्यालयका ५० जना महिला शिक्षकको लागि आवश्यक तालिम प्रदान गरिनुको साथै सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ मा अध्ययनरत २५०० छात्राहरुलाई वार्षिकरुपमा सेनिटारी प्याड उपलव्ध गराइएको छ ।

७७. विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा २५ वटा विद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलव्ध गराइएको छ । २० वटा माध्यमिक विद्यालय पुस्तकालय स्थापना, १५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १५ वटा विद्यालयमा आइसिटी ल्याव स्थापना गरिएको छ ।

७८. नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता २ पटक, वार्षिक विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिएकोछ । नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलानको कार्य अन्तिम चरणमा पुगेको छ ।

७९. अठार वटा सामुदायिक मा.वि.हरुमा वायोमेट्रीय हाजिरी जडान गरिएको छ । नगरपालिका तथा विद्यालयहरुको ६०:४० लागत साझेदारीमा ४ वटा सामुदायिक मा.वि. हरुमा स्कुल बस खरिदमा सहयोग गरिदैं छ । नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई समान प्रकृतिको रङ्गरोगन गर्ने कार्य अगाडि बढाइएको छ ।

८०. गत आ.व. देखि वाल विकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययन गर्ने वालबालीकालाई दिवा खाजाको व्यवस्था

गरिएको छ । कोभिड १९ महामारिको समयमा विद्यार्थीको सिकाइलाई निरन्तरता दिने उद्देश्यले स्वःअध्ययन सामग्री छपाई र वितरण, रेडियो शिक्षा, टेलीभिजन पाठ् प्रसारणको व्यवस्था मिलाइको छ । यसै महामारीलाई ध्यानमा राखी विद्यालयहरुलाई स्वास्थ्य सामग्री उपलब्ध गराइएको छ ।

८१. दरबन्दी न्यून भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्नका लागि ६ वटा विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलव्ध गराईएको छ । नगर क्षेत्रका सबै सामुदायिक विद्यालयका वाल विकास कक्षहरुमा भुइँ बसाइ व्यवस्थापन गर्न २५ हजारका दरले विभिन्न विद्यालयलाई रकम उपलव्ध गराइएको छ ।

## पूर्वाधार विकास

८२. नगरपालिकाको एक वडा एक कि.मी पक्की सडक अभियान अन्तर्गत अधिकांश वडाहरुमा ७ आयोजनाहरुको ठेक्का बन्दोबस्त गरी सडक निर्माण तीब्ररुपमा अगाडि बढेको छ । सडकलाई बारै महिना सञ्चालन गर्न कठिनस्थानहरुमा तत्काल वित्तीय सहयोग एवम् मर्मत सम्भारको व्यवस्था मिलाइएको छ ।

८३. तानसेन नगरपालिकाबाट पहिलो थालनी स्वरुप सानिसाको अवधारणामा सार्वजनिक पूर्वाधार तथा पर्यटकीय आयोजनाहरु कार्यान्वयनमा ल्याएको छ । हाल तानसेनको फोहरमैला व्यवस्थापन सम्झौता सम्पन्न भई सञ्चालनमा रहेको र तीन आयोजनाहरु कार्यान्वयन प्रक्रियामा रहेका छन ।

८४. बैकल्पिक उर्जा कार्यक्रम तर्फबाट आर्थिक रुपले विपन्न घरपरिवारको लागि ४९ घरधुरीमा सोलर विद्युतीय सेवा प्रदान गरिएको छ । विभिन्न मठ मन्दिर र सार्वजनिक स्थानहरुमा ६८ सेट सोलार बत्ती जडान गरिएको छ । खरको छाना विस्थापन अभियान अन्तर्गत नगर क्षेत्र भित्र ९८ सिमान्तकृत तथा विपन्न परिवारलाई सहयोग स्वरुप २८२ बण्डल जस्तापाता प्रदान गरिएको छ ।

८५. हरियाली बस टर्मिनल निर्माणको अवधारणा अन्तर्गत तानसेन.-५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Park) निर्माणको लागि रुख कटान कार्य सम्पन्न गरिएको, डिपीआर निर्माण भएकोमा आवश्यक श्रोत व्यवस्थापनको लागि नगर विकास कोषमा कार्य अगाडि प्रक्रिया अगाडि बढेको छ ।

८६. सांस्कृतिक सहर पूर्वाधार कार्यक्रम तर्फ भगवती मन्दीर गेट-शीत्तलपाटी-सिलखानटोल-एनआइसी एशिया बैंकसम्म ४४० मिटर ढुङ्गा छपाईको कार्य सम्पन्न गरिएको छ । विग बुद्ध आयोजनाको डिपिआर तयार भएकोमा अन्तिम स्वीकृतिको लागि मन्त्रालयमा आवश्यक प्रक्रियागत कार्य अगाडि बढेको छ । सडक गुरुयोयोजना एमटीएपी निर्माण, ल्याण्डपुलिङ्ग लाई प्राथमिकतासाथ लागू गरिने छ ।

८७. विश्व बैंकको सहयोगमा नेपाल सरकारबाट यस नगरपालिकामा सञ्चालन भएको शहरी शासकीय पूर्वाधार आयोजना कार्यान्वयनमा रहेको छ ।

८८. रानीघाट दरबार (रानीमहल) लाई तानसेन नगरपालिकाको सामर्थ्य अनुसार व्यवस्थित गर्ने क्रममा खड्ग शमशेर दम्पतीको पूर्णकदको तस्विर तथा पुरातात्विक महत्वका सामग्री सहितको लघु संग्रहालय स्थापना गर्नुका साथै दरवार परिसर सरसफाइ र सौन्दर्यीकरण गरिएको छ ।

८९. वडा कार्यालयको भवन एवम् पूर्वाधार निर्माणमा प्राथमिकताका साथ सम्बन्धित निकायहरुसँग समन्वय गरिएको छ । धार्मिक प्रवर्द्धनका लागि अमर नारायण ठूलो पोखरीलाई व्यवस्थित गरी १०८ धारा सहित शीव लिङ्ग राख्ने कार्य अगाडि बढाइएको छ ।

९०. भूमिहिन र अव्यवस्थित वसोबासीलाई जग्गा प्रदान गर्न तानसेन नगरपालिकाका सम्पूर्ण वडाहरुबाट तथ्यंक संकलन गरिएकोमा थप प्रक्रिया अगाडि बढाइदैं छ ।

९१. समग्रमा हामीले सञ्चालन गरेको पूर्वाधार निर्माणमा निम्नानुसारको उपलव्धी हासिल भएको छ ।

| क्र.सं. | कार्यक्रम | | ईकाई | जम्मा |
|---|---|---|---|---|
| १ | सडक | नयाँ ट्र्याक निर्माण | कि.मी. | १३.०२ |
| | | सडक स्तरोन्नति तथा मर्मत कार्य | कि.मी. | २११.५५ |
| | | सडक कालोपत्रे तथा ढलान कार्य | कि.मी. | ७.९५ |
| २ | भवन | सामुदायिक भवन निर्माण तथा मर्मत | संख्या | ११२ |
| | | ट्रस निर्माण | संख्या | ८१ |
| | | कभर्ड हल | संख्या | ५ |
| | | विभिन्न धर्मावलव्वीको मन्दिर तथा पूर्वाधार व्यवस्थापन | संख्या | ५१ |
| ३ | ढल तथा नाली निर्माण | | कि.मी. | २.६८६ |
| ४ | खानेपानी निर्माण तथा मर्मत योजना | | संख्या | १६० |
| ५ | सिंचाइ कूलो मर्मत तथा निर्माण | | कि.मी. | १.४४ |
| ६ | सोलार सडक बत्ती (मठ मन्दिर र सार्वजनिक स्थानहरुमा) | | संख्या | ६८ |
| ७ | विद्युतीय पोल खरिद (काठको पोल विस्थापन र आवश्यक नयाँ पोलको लागि) | | संख्या | ४५७ |
| ८ | ग्याविन जाली खरिद (सडक व्यवस्थापन र भूक्षय नियन्त्रण) | | संख्या | ५१६ |

## सुशासन तथा संस्थागत विकास

९२. तानसेन नगरपालिका स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन (लिजा) मा लुम्बिनी प्रदेशमा प्रथम र देशमै तेस्रो उत्कृष्ट नगर घोषित भएको छ । नगरपालिकाले सञ्चालन गर्ने विकास योजना तथा कार्यक्रममा दीगो विकास लक्ष्यको आन्तरिकीकरणलाई प्राथमिकता दिई राष्ट्रीय लक्ष्यमा प्रत्येक्ष योगदान पुऱ्याइएको छ । नगरपालिकाले तर्जुमा गर्ने बजेट तथा कार्यक्रम सहभागितामूलक, दिगो एवम् दिर्घकालीन विशेषताको रहेको छ ।

९३. नगरपालिकाको संस्थागत विकास तर्फ सेन्सस विधिबाट नगर प्रोफाइल तयार गरिएकोमा त्यसको आधारमा बृहत विकास योजना, मध्यमकालिन खर्च संरचना प्रतिवेदन, राजश्व अभिवृद्धि योजना प्रकाशन भएकोमा र विगत २ बर्ष देखि कार्य सम्पादन करार लागू गरिएको छ ।

९४. तानसेन नगरपालिकाको नगरसभा र कार्यपालिकाबाट हालसम्म २९ वटा ऐन तथा ४६ नियम (नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड) समेत ७५ वटा कानुनहरु पारित भएका छन भने आवश्यक कानुन पारित हुने क्रममा छन ।

९५. सेवाग्राहीको सहजताको लागि नेपाल बैंक लिमिटेडको काउन्टर नगरपालिका कार्यालय परिसर भित्र सञ्चालनमा ल्याइएको छ । संचार क्षेत्र साझेदारी तथा पत्रकार साक्षात्कार कार्यक्रम र नगर बुलेटीन **हाम्रो तानसेन**लाई निरन्तरता दिइएको छ ।

९६. गरिव घर परिवार पहिचान सर्भेक्षण सम्पन्न गरिएकोमा ६४३ परिवारको प्रारम्भिक सूचीका आधारमा परिचय पत्र वितरण

गरिदैं छ । सम्पूर्ण वडाहरुमा इन्टरनेटको पहुँच पुऱ्याई वडास्तरबाट व्यक्तिगत घटना दर्ता, सामजिक सुरक्षा विवरण दर्ता, सम्पति कर व्यवस्थापन अनलाइन प्रणालीबाट भएको छ ।

१७. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पूर्ण बैंकिङ्ग प्रणालीमा लगिएको छ । आ.व.२०७८/०७९ मा ४५९८ जना लाभग्राही एम.आई.एस. प्रणालीमा प्रविष्ट भएका छन । तानसेन नगरपालिकाको मोबाइल एप सञ्चालन गरिएको छ ।
नगरको डिजिटल प्रोफाइल तयार गरी आफ्नै सर्भरमा क्युआरकोडमा आधारित फेमिली कार्डको व्यवस्था गरिएको छ । तानसेन नगरपालिकाका पुराना घटना दर्ता सम्वन्धी किताब र विवरणहरु पूर्णरुपमा डिजीटलाइज गरिएको छ ।
तानसेन नगरपालिकाको नगरस्तरीय वास पोर्टलको आधारमा वास प्लान तयार गरी कार्यान्वन गरिएको छ । सम्पतिकरलाई व्यवस्थित गर्न र सेवा ग्राहिले घरबाटै कर तिर्ने प्रणाली (E-payment) र ट्याक्स म्यापिङ्गको कार्यको थलानी गरिएको छ ।

१८. सहकारी गरिवी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) लाई संस्थागत गरिएको छ । सम्पतिकरलाई व्यवस्थित गर्न र सेवा ग्राहिले घरमै बसेर कर तिर्ने प्रणाली (E-payment) कार्यको थलानी गरिएको छ । पूर्वाधार विकास आयोजनाहरुको सिघ्र एवम् प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गरिएको छ ।

## वातावरण तथा विपद व्यवस्थापन

९९. विपद व्यवस्थापन तर्फ ३७७ वटा निवेदन प्राप्त भएकोमा २०३ जनालाई राहत रकम प्रदान गरिएको र १७४ बाँकी रहेकोमा ४६ जनाको प्रक्रियामा रहेको छ । विपदबाट मृत्यु भएका व्यक्तिको घर परिवारलाई रु.२५ हजार र थप राहत सामग्री, घर भत्की बिस्थापीत भएकालाई रु.१० हजार र आकस्मिक क्षति भएकालाई रु. ५ हजारका दरले उपलब्ध गराउने नीतिगत व्यवस्था रहेको समेत जानकारी गराउन चाहन्छु ।

१००. भूकम्प प्रभावित आवासहरुको पुनर्निर्माण तर्फ हालसम्म पहिचान भएका लाभग्राहीहरूको संख्या ५२४ मध्ये प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीहरूको संख्या ४६१, दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीहरूको संख्या ३४३ र तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीहरूको संख्या ३२६ रहेको छ । ३२६ घरहरु पुनः निर्माण कार्य सम्पन्न भएको छ । रेक्ट्रो फिटिङ्ग तर्फ कुल ५४ जना लाभग्राही रहेकोमा ३१ घरधुरीले संझौता गरी प्रथम किस्ता वितरण गरिएको छ ।

१०१. दैवी प्रकोपमा तटबन्ध निर्माण र सडक पहिरो रोकथामको लागि तारजाली व्यवस्थापन गरिएको छ । विपद व्यवस्थापन, बजार अनुगमन, घर निर्माण कार्यको अनुगमन, दमकल परिचालन, कर सप्ताह अभियान जस्ता कार्यमा नगर प्रहरी परिचालन गरिएको छ ।

१०२. अधिकतम उपभोक्ता रहेको तानसेन खानेपानी उपभोक्ता समितिलाई वित्तीय सहयोग उपलब्ध गराइएको छ । नगरबासीलाई आधारभूत आवश्यकताको रुपमा रहेको खानेपानी सेवालाई सुलभ र सहजरुपमा उपलव्ध गराउन नवौं नगरसभाबाट गठित समितिको प्रतिवेदनलाई

कार्यपालिकाबाट पारित गरी तानसेन खानेपानी उपभोक्ता समितिलाई कार्यान्वयनको लागि पठाइ पटक पटक पत्राचार गरिएकोमा त्यसको सुनुवाइ नहुदा जनताको हक हितमा प्रतिकुल असर परेको छ ।

१०३. सीमित साधान स्रोतका बाबजुद समस्त नगरवासीका इच्छा, चाहना अनुसारका कार्यक्रम तथा योजना मार्फत सम्बोधन गर्ने प्रयास गर्दागर्दै पनि हामीले पूर्ण रुपमा पुरा गर्न सकेनौ कि भन्ने अनुभति भएको छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको विभिन्न लहरका कारण प्रस्तावित कार्यक्रम समेत सम्पादन गर्न असहज भयो भने सोचे अनुसार कार्य गर्न सकिएन ।

नेपालको संविधानले साझा अधिकारको परिकल्पना गरे पनि व्यवहारत प्रदेश र संघीय सरकारबाट स्थानीय तहले पूर्णरुपमा अभिभावकत्व महसुस गर्ने खालको व्यवहार पाउन सकिएन । संघीय राज्य व्यवस्था अवलम्बन गरेको बर्षौ व्यतित भइसक्दा समेत स्थानीय सरकारले दरबन्दी अनुसारका जनशक्ति प्राप्त गर्न सकेका छैनन, यसले हाम्रा सपनाहरु र कतिपय बृहत प्रकृतिका कार्यक्रम तथा योजनाहरु अधुरा रहेका छन । के यसमा सरकारले ध्यान दिनु जरुरी छैन, संघीयतालाई संस्थागत गर्ने सावलमा सबै पक्ष एकपटक गम्भीर हुनु आश्वयक रहेको छ । नेपालको लोकतान्त्रिक राज्य प्रणालीमा परमादेश प्रणाली हावी भएको अनुभुत भएको छ ।

**अन्त्यमा,**

**नगरसभाका सदस्य ज्यूहरु**

कोरोना संक्रमणले सिर्जना गरेको विश्वव्यापी संकटको घडीमा सम्पूर्ण नगरबासीमा एकजुट भई सुखद भविष्य निर्माणका लागि हातेमालो गर्न सादर अनुरोध गर्दछु । तानसेन नगरपालिकाको समग्र विकासका लागि विभिन्न रुपले सहयोग प्रदान गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, सुरक्षा निकाय, निजी क्षेत्र, युएनडिपी, हेफर ईन्टरनेशनल, द एसिया फाउण्डेशन, कारीतास, नगरपालिका महासंघ लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार, सामाजिक संघ संस्था, सञ्चार जगत, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी र आम नगरबासीमा धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

**अशोक कुमार शाही**
**नगर प्रमुख**
**(दशौं नगरसभा अध्यक्ष)**
**तानसेन नगरपालिका, पाल्पा**